**प्रशासकीय सहायक पदमा सिफारिस हुनु भएका श्री प्रकाश अर्याललाई योग्यताक्रमको सूचीबाट नाम हटाई बैकल्पिक उम्मेदवार (प्रतिक्षा सुची) को १ नम्बर मा सिफारिस हुनु भएका श्री महेश सिंह नेगीलाई स्थायी नियुक्ति पत्र बुझ्न आउने बारेको जरूरी सूचना !**

सूचना प्रकाशित मिति २०८२।०६।२३ गते

दुर्गा प्रसादको नाती, सूर्य प्रसादको छोरा मालिका-८, गुल्मी स्थायी ठेगाना भएका तपाई श्री प्रकाश अर्याललाई परिषद्को पदपूर्ति समितिको मिति २०८२।०५।१३ गतेको सिफारिस अनुसार सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र परिषद्को बिज्ञापन नम्बर १०४/०८०-०८१ (खुला) प्रशासन सेवा, सामान्य प्रशासन समूहको सहायकस्तर प्रथम श्रेणीको प्रशासकीय सहायक पदमा स्थायी नियुक्ति पत्र बुझ्न आउनु पर्नेमा तपाईले मिति २०८२।०५।१८ गते परिषद् सेवाको स्थायी नियुक्ति पत्र नलिने र हालै समान तहको अन्य सेवामा सेवा प्रवेश गरिसकेको हुँदा यस परिषद्को सेवामा नियुक्ति पत्र बुझ्न असमर्थ रहेको व्यहोरा यसै निवेदन मार्फत जानकारी गराउन चाहन्छु। उक्त निर्णय मेरो स्वविवेक प्रयोग गरी लिएको हुँदा कसैको करकापमा परी नलिएको कुरा समेत जानकारी गराउँछु भनी परिषद् कार्यालयको इमेल मार्फत हस्ताक्षर सहितको पत्र प्राप्त भएको हुँदा तपाईले तोकिएको म्यादभित्र पत्र बुझ्न नआउनु भएको हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा शर्त तथा सुविधा सम्वन्धी विनियमावली, २०६९ (छैटौं संशोधन सहित) को बिनियम ३३(३) बमोजिम तपाईलाई उक्त पदको योग्यताक्रमको सूचीबाट नाम हटाइएको व्यहोरा परिषद् कार्यालयको मिति २०८२।०६।२३ गतेको निर्णयानुसार जानकारी गराइन्छ ।

साथै उक्त पदमा बैकल्पिक (प्रतिक्षा सुची) उम्मेदवारको १ नम्बरमा सिफारिस हुनु भएका ज्ञानी सिंहको नाति, करन सिंहको छोरा मेलौली -१, बैतडी, स्थायी ठेगाना हुनु भएका रोल नम्बर १०४१६०१ का उम्मेदवार श्री महेश सिंह नेगीलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त पदमा स्थायी नियुक्ति पत्र बुझ्न आउनु हुनको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**प्रशासन महाशाखा, सानोठिमी, भक्तपुर ।**

२०८२।०६।२३

नवीन प्रसाद दाहाल
प्रशासकीय अधिकृत